आज मिति २०८२ साल माघ २२ गते विहिबारको दिन यस देवानगञ्ज गाउँपालिकाका अध्यक्ष श्री बेचन प्रसाद मेहताज्यूको अध्यक्षतामा बसेको आ.व. २०८२/०८३ को १५ औं कार्यपालिका बैठक देहाय बमोजिमको उपस्थितिमा तपसिल बमोजिम निर्णय गरियो ।

उपस्थिति :

श्री बेचन प्रसाद मेहता - अध्यक्ष -
श्री कुमारी विभा यादव - उपाध्यक्ष -
श्री सुर्य नारायण पाल - वडा अध्यक्ष, वडा नं.१ -
श्री जग नारायण मेहता - वडा अध्यक्ष, वडा नं.२ -
श्री अनिल कुमार भगत - वडा अध्यक्ष, वडा नं.३ -
श्री सुशिल मेहता - वडा अध्यक्ष, वडा नं.४ -
श्री मनोज कुमार मण्डल - वडा अध्यक्ष, वडा नं.५ -
श्री हरि नन्दन मेहता - वडा अध्यक्ष, वडा नं.६ -
श्री सुर्य नारायण यादव - वडा अध्यक्ष, वडा नं.७ -
श्री रुणा देवी दास - कार्यपालिका सदस्य-
श्री उषा देवी यादव - कार्यपालिका सदस्य-
श्री सुनिता देवी यादव - कार्यपालिका सदस्य-
श्री सम्तुलिया देवी बाँतर - कार्यपालिका सदस्य-
श्री मनोज कुमार भगत - कार्यपालिका सदस्य-
श्री किशोर कुमार पाल - कार्यपालिका सदस्य-
श्री महेश कुमार ठाकुर - सचिव -

आमन्त्रित :

श्री डिल्ली प्रसाद पोखरेल - प्रशासकीय अधिकृत -
श्री बिन्देश्वर यादव - लेखा अधिकृत -
श्री वाल कुमार श्रेष्ठ - कम्प्युटर अधिकृत -

**प्रस्तावहरु :**

१. समिक्षा सम्बन्धमा ।
२. कर्मचारी तहवृद्धि सम्बन्धमा ।
३. विद्यालयको जिर्ण भवन लिलाम विक्री गर्ने अनुमति सम्बन्धमा ।
४. बजेट श्रोत सुनिश्चिता सम्बन्धमा ।
५. सडक बोर्डबाट प्राप्त आयोजना कार्यान्वयन सम्बन्धमा ।
६. महिला उद्यमी तथा महिला उद्यमी समूह सिफारिस सम्बन्धमा ।
७. सुरक्षा गार्डहरुको खाजा खर्च सम्बन्धमा ।
८. कृषि स्नातक र अ.न.मी.को अपुग तलब रकम सम्बन्धमा ।
९. रसायनिक मलको कोटा सिफारिस सम्बन्धमा ।

**निर्णयहरु :**

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा मिति २०८२/०९/३० गते भएको १४ औं कार्यपालिका बैठकको निर्णयहरु सम्बन्धमा समिक्षा गर्दा संतोषजनक रुपमा कार्यान्वयन भएको व्यहोरा सर्वसम्मत निर्णय गरियो ।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा कोशी प्रदेशको **स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८०** को दफा २७ को उपदफा ४ अनुसार देवानगञ्ज गाउँपालिकाको मिति २०८२/०९/३० गते बसेको १४ औं कार्यपालिका बैठकको निर्णय नं.६ बमोजिमको तह वृद्धि सिफारिस समितिबाट मिति २०८२/१०/२० गते सिफारिस भई आएका तपसिल बमोजिमका कर्मचारीहरुको **स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८०** को दफा ४ को उपदफा (५) र दफा २७ को उपदफा (१) बमोजिम तहवृद्धि गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपसिल :

| क्र.सं. | कर्मचारीको नाम | कर्मचारी संकेत नं. | हाल कार्यरत सेवा/समूह, पद, तह | तह वृद्धि गरिएको सेवा/समूह, पद, तह | कैफियत |
|---|---|---|---|---|---|
| १ | मान बहादुर रोकाय | २३८६७१ | सामान्य प्रशासन, प्रशासन, सहायक, सहायकस्तर पाँचौं | स्थानीय प्रशासन, प्रशासन, अधिकृत, अधिकृतस्तर छैटौं | दफा २७ (१) |
| २ | अंजु कुमारी मेहता | २३३३३४ | स्थानीय स्वास्थ्य, प.हे.न., अ.न.मी., सहायकस्तर चौथो | स्थानीय स्वास्थ्य, प.हे.न., सि.अ.न.मी., सहायकस्तर पाँचौं | दफा ४(५) |

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस देवानगञ्ज गाउँपालिका अन्तर्गतको देहायका सामुदायिक विद्यालयहरुले विद्यालय परिसर भित्र रहेका जिर्ण भवन भत्काइ लिलाम विक्री गर्नका लागि विद्यालय व्यवस्थापन समितिको निर्णय तथा देवानगञ्ज

गाउँपालिकाको प्राविधिकबाट गरिएको मूल्याङ्कन सहित यस गाउँपालिकाको कार्यालयमा माग गर्नु भए बमोजिम प्राविधिक मल्याङ्कन र विद्यालय व्यवस्थापन समितिको निर्णयका आधारमा जिर्ण भवन भत्काई लिलाम विक्री गर्ने अनुमती दिने सर्वसम्मत निर्णय गरियो ।

देहाय :

| क्र.सं. | विद्यालयको नाम | ठेगाना | प्राविधिक मूल्याङ्कन रकम रु. | विद्यालय व्यवस्थापन समितिको निर्णय | कैफियत |
|---|---|---|---|---|---|
| १ | श्री सरस्वती माध्यमिक विद्यालय | देवानगञ्ज-७, सुनसरी | १४,५३,५५३.९८ | २०८२/१०/१३ | |
| २ | श्री शारदा आधारभूत विद्यालय | देवानगञ्ज-१, सुनसरी | २३,८९,८९१.६१ | २०८२/१०/११ | |

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा तपसिलका योजनाहरुमा यस पालिकाबाट श्रोत सुनिश्चिता गरी निर्माण कार्य अगाडी बढाउने सर्वसम्मत निर्णय गरियो ।

तपसिल :

| क्र.सं. | योजनाको नाम | जम्मा बजेट | साझेदारी | कैफियत |
|---|---|---|---|---|
| १ | निर्मित गुरुयोजना आधारमा स्थानीय तहको साझेदारीमा विद्यालय भौतिक निर्माण | ५५ लाख | अपुग रकम गाउँपालिका बाट साझेदारी गर्ने | आवश्यक्ता अनुसार (बहुवर्षीय) |
| २ | मोटर बोरिङ सिचाई र सिचाईको लागि कृषि मोटर कार्यकम | १ करोड १० लाख | अपुग रकम गाउँपालिका बाट साझेदारी गर्ने | आवश्यक्ता अनुसार (बहुवर्षीय) |
| ३ | शारदा आधारभुत विद्यालय देवानगञ्ज १ मा ८ कोठे भवन र बाउण्ड्री वाल निर्माण | ६० लाख | अपुग रकम गाउँपालिका बाट साझेदारी गर्ने | आवश्यक्ता अनुसार (बहुवर्षीय) |
| ४ | देवानगञ्ज गाउपालिका-२ इलाका प्रहरी कार्यलय देवानगञ्ज देखि पश्चिम मरिया खोलाको छेउमा रहेको आर्यघाट निर्माण कार्य | १५ लाख | अपुग रकम गाउँपालिका बाट साझेदारी गर्ने | आवश्यक्ता अनुसार (बहुवर्षीय) |
| ५ | सत्यसंग भवन देवानगञ्ज ४ | ९ लाख | अपुग रकम गाउँपालिका बाट साझेदारी गर्ने | आवश्यक्ता अनुसार (बहुवर्षीय) |

५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा सडक बोर्डबाट प्राप्त रकम रु. ५,००,०००।- र गा.पा.को समपुरक कोषबाट २० प्रतिशत (रु. १,००,०००) साझेदारी सहित जम्मा रकम रु. ६,००,०००।- बाट देवानगञ्ज-६ को मेन बाटो देखि पश्चिम उत्तर हुदै सुलेखा यादवको जग्गा सम्म माटो पुरी ग्राभेल गर्ने योजना कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय गरियो ।

६. प्रस्ताव नं. ६ माथि छलफल गर्दा कोशी प्रदेश सामाजिक विकास मन्त्रालयले मिति २०८२/०९/२२ गते महिला उद्यमी तथा महिला उद्यमी समूहलाई प्रविधि सहयोग उपलब्ध गराउने सूचना अनुसार यस गाउँपालिका अन्तर्गत गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (MEDPA) अन्तर्गत गठन भएको खुसी लघु उद्यमी समूह अन्तर्गतको अध्यक्ष श्री मन्जु मेहताको घरेलु तथा साना उद्योग कर्यालय, सुनसरीमा दर्ता भएको श्री केशकी वुटीक सिलाई कटाई लघु उद्योग, देवानगञ्ज-३, सुनसरीको १ मात्र निवेदन परेको र सो उद्योगलाई यस कार्यालयबाट मिति २०८२/१०/१८, च.नं.०१३७१ को पत्रबाट सिफारिस गरी पठाएकोमा सो सिफारिसलाई अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो ।

७. प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस देवानगञ्ज गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयमा कार्यरत सुरक्षा गार्डहरु २४ घण्टे आलो-पालो गरी १२/१२ घण्टा काम गर्नु पर्ने भएको हुँदा अतिरिक्त समयको दैनिक हाजिरीको अभिलेख अनुसार प्रति दिन रु.७५ खाजा खर्च बापत दिने सर्वसम्मत निर्णय गरियो ।

८. प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस देवानगञ्ज गाउँपालिका कार्यालयमा कार्यरत कृषि स्नातक र अ.न.मी.को तलब संघीय सरकारबाट हस्तानतरित कार्यक्रम अन्तर्गत सुरुको तलब रकम अपुग भएको हुँदा अपुग रकम यस देवानगञ्ज गाउँपालिकाको स्वीकृत बजेटको अन्तरिक श्रोतबाट नेपाल सरकारले तोकेको रकम घटी भएको रकम थप तलब दिने सर्वसम्मत निर्णय गरियो ।

९. प्रस्ताव नं. ९ माथि छलफल गर्दा यस देवानगञ्ज गाउँपालिका भित्र नेपाल सरकारबाट प्राप्त हुने अनुदानको रसायनिक मल वितरणका लागि यस गाउँपालिका अन्तर्गत रसायनिक मल वितरण गर्न अनुमति पाएका सहकारी संस्था/फर्महरुलाई मलको कोटा लिनको लागि सम्बन्धित वडाको वडा अध्यक्ष वा गाउँपालिका अध्यक्षको सिफारिसमा अनुदानको मल वितरण व्यवस्थापन कार्यविधि, २०८२ को दफा २७ को स्थानीय समितिले रसायनिक मलको कोटा उपलब्ध गराउने निर्णय गर्ने सर्वसम्मत निर्णय गरियो ।